नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

# सहकारी विभाग

नयां वानेश्वर, काठमाडौं ।

(मानदण्ड तथा अनुगमन शाखा)

पत्र संख्या :- ०७७/७८

चलानी नं.:-

श्री सहकारी संस्थाहरु,

देशभरीका सवै ।

विषय: एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा विवरण दाखिला गर्ने सम्बन्धमा ।

सहकारी ऐन, २०७४ को दफा ७३ (१) मा सहकारी संस्थाहरुले प्रत्येक वर्षको कारोवारको चौमासिक र वार्षिक प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन,वार्षिक कार्यक्रम, नीति तथा योजना, सञ्चालक समिति, साधारण सभा, शेयर लगायतका विवरणहरु सहितको प्रतिवेदन तोकिएको समय भित्र रजिष्ट्रार समक्ष पेश गर्नुपर्ने व्यवस्था गरेको छ । सहकारी नियमावली, २०७५ को नियम २८ को उप नियम (४) ले सहकारी संस्थाहरुले आफ्नो संस्थागत तथा व्यवसायिक कारोवारको विवरण विभागले तोकेको एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा प्रविष्ट गर्नुपर्ने व्यवस्था गरेको छ । बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७ को दफा ३ ले प्रत्येक महिनाको ७ गतेभित्र मासिक र प्रत्येक आर्थिक वर्ष व्यतीत भएको ३० दिनभित्र वार्षिक वित्तीय प्रतिवेदन रजिष्ट्रारले तोकिदिएको ढाँचामा एकीकृत व्यवस्थापन सूचना प्रणालीमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ ।

ऐन, नियमावली र निर्देशिकाले उल्लेख गरे बमोजिम सवै सहकारी संघ संस्थाहरुले आ.व. ०७६/७७ को बार्षिक विवरण र आ.व. ०७७/७८ को हालसम्मको मासिक विवरण र समष्टिगत विवरण नियमित रुपमा एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS), मा दाखिला गर्नुहुन अनुरोध गरिन्छ । कोपोमिसलाई पूर्ण रुपमा प्रयोग गरी प्रणालीले माँग गरे बमोजिमका विवरण नियमित तथा आवधिक रुपमा कोपोमिसमा दाखिला गर्नुहुनका साथै प्रणालीमा आबद्ध भई नसकेका संस्थाहरुले आगामी १५ ( पन्ध्र) दिन भित्र आ-आफ्नो नियामक निकायवाट आफ्नो संस्थाको User name / Password लिई नियमित रुपमा विवरण दाखिला गर्ने व्यवस्थाका लागि अनुरोध छ ।

२०७८।१०।८

(दिपक राज पोखरेल)

शाखा अधिकृत